**उजुरी गर्ने कहाँ जाने ? :** प्रहरी कार्यालय ।
**हदम्याद :** ६ महिना भित्र ।

पीडितले जवरजस्ती करणीको क्रममा प्रतिरक्षा गर्दा अपराधीको ज्यान गएमा बात नलाग्ने आत्मरक्षाको अधिकार समेत पीडितलाई दिईएको छ । पीडितको तुरुन्तै अंश रोक्का गर्नु पर्ने र पछि निर्णय भएपछि पीडितलाई आधा अंश समेत भराईदिने व्यवस्था रहेको छ ।

## आसय करणीको महल

महिलाको मन्जुरी बिना निम्न कार्य गरेमा आसय करणी वा यौन दुर्व्यवहार गरेको मानिन्छ ।

- महिलाको संवेदनशिल अंग छोएमा वा छुने प्रयास गरेमा ।
- महिलाको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा ।
- महिलालाई अस्वभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा ।
- महिलालाई आफ्नो यौन सम्वन्धि अगं छुन समाउन लगाएमा ।
- निजलाई अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द संकेत गरेमा वा चित्र तस्वीर देखाएमा ।
- यौनका आसयले जिस्काएमा वा हैरानी दिएमा वा निजसंग यस्तै अन्य कुनै किसिमले अस्वभाविक अवान्छित वा अमर्यादित व्यवहार गरेमा वा निजलाई करणीको आसयले समातेमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई १ वर्षसम्म कैद वा १० हजार रूपैयासम्म जरिवाना हुने छ । पीडितलाई पीडकबाट मनासीव क्षतिपूर्ति समेत भराई दिनु पर्ने छ ।

आफु वा अरूसंग गैर कानुनी करणी गर्ने, स्वास्नी मानिसलाई फकाउने वा वेश्यागमनको लागि सम्पर्क वा व्यवस्था गरिदिनेलाई ३ वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

## घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६

- घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।
- घरेलु सम्बन्ध भन्नाले वंशज, विवाह धर्मपुत्र वा धर्मपुत्री वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरू बिचमा भएको सम्बन्ध र संगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्वन्ध समेतलाई जनाउँदछ ।

**उजुरी गर्ने निकायः** प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानिय निकाय वा पीडितले चाहेमा सिधै अदालतमा उजुरी दिन सक्नेछ ।

**उजुरी गर्न सक्ने व्यक्तिः** घरेलु हिंसा भएको वा भैरहेको वा हुन लागेको थाहा पाउने जो सुकैले लिखित वा मौखिक रूपमा दिन सक्नेछ ।

**हदम्यादः** यस ऐन बमोजिमको कसुरमा भए गरेको मितिले ९० दिन भित्र उजुरी दिनु पर्नेछ ।

## सम्पर्क तथा जानकारी

- प्रहरी चौकी/महिला बालबालिका सेवा केन्द्र
- महिला तथा बालबालिका कार्यालय
- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- केन्द्रीय तथा जिल्ला बालकल्याण समिति
- **बाल हेल्पलाईन १०९८ (नि:शुल्क फोन नम्बर)**
- **लैङ्गिक हिंसा वा अन्य अपराधको सुचना १६६००१४१५१६ (नि:शुल्क फोन नम्बर)**
- **आकस्मिक प्रहरी सेवा १००/१११३ (नि:शुल्क फोन नम्बर)**
- **बालबालिका हराएमा १०४ (नि:शुल्क फोन नम्बर)**
- विमिन एक्ट (Women Act) ०१-४४२२०१८
- अधिवक्ता रामचन्द्र भट्ट ९८४१६९८३७३ (धादिङ्ग)
- बलराम घिमिरे ९८४१३०३७३७ (रसुवा)
- राकेश श्रेष्ट ९७४१०१७६७७ (दोलखा)
- अधिवक्ता यादव दाहाल ९७४१०१४७०४ (रामेछाप)
- अधिवक्ता खिलनाथ घिमिरे ९८४१२२३६६६ (काठमाण्डौ)

**हिंसा गर्नु अपराध हो ।**
**हिंसा भएमा उजुर गर्ने बानि बसालौं ।**


**विमिन एक्ट (Women Act), भाटभटेनी, काठमाण्डौ**
फोन नं. ०१-४४२२०१८
E-mail: womenact2011@gmail.com
Website: www.womenact.org.np
Facebook: http://facebook.com/womenact


# विपतमा भुकम्पको कारण जोखीममा रहेका महिला तथा बालबालिका लच्छित संभावित हिंसा विरुद्धको कानुनी जानकारी

## हाम्रो जिम्मेवारी






USAID अमेरिकी जनताबाट
The Asia Foundation
Women Act (विमिन एक्ट)

२०७२ बैशाख १२ गते गएको विनाशकारी भुकम्पका कारण व्यापक धनजनको क्षति भएको छ । सरकारी तथ्यांक अनुसार यस भुकम्पमा परेर ८,७९५ ले ज्यान गुमाएका थिए । त्यस्तैगरी २२,३१० जना घाईते भएका थिए । यस भुकम्पका कारण अन्दाजी ७ देखि ८ लाख भन्दा बढी सार्वजनिक तथा निजी भवनहरू ध्वस्त भए । यसबाट सबैभन्दा बढी महिला तथा बालबालिकाहरू प्रभावित भई विभिन्न प्रकारका हिंसा भोग्न बाध्य भए । यस्ता हिंसाबाट बच्न र न्याय प्राप्त गर्नको लागि कानुनबारे जानकारी सम्बन्धि सेवा तथा सुचना अति महत्वपूर्ण हुने गर्दछ । यिनै बिषयहरूलाई सोचबिचार गरेर हुनसक्ने संभावित अपराध, त्यसको कानुनी व्यवस्था, न्याय प्राप्त गर्ने तौर-तरिका लगायतका जानकारी मुलक सुचना हामीहरूले यसमा संलग्न गरेका छौ । अबका दिनहरूमा हिंसा नहोस्, दण्डहिनता नमौलाओस् भन्ने हाम्रो चाहना रहेको छ ।

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४

**मानव बेचबिखनः** निम्न बमोजिमका कार्यहरूलाई मानव बेचबिखनका रूपमा लिईएको छ ।

क) कुनै पनि उदेश्यले मानिस बेच्ने वा किन्ने ।
ख) कुनै प्रकारले फाईदा लिई वा नलिई वेश्यावृतिमा लगाउने ।
ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको अंग भिक्ने ।
घ) बेश्यागमन गर्ने ।

**यस सम्बन्धि दण्ड सजायः**

- मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र २ लाख रूपैया जरिवाना हुन्छ ।
- कुनै प्रकारको फाईदा लिई वा नलिई बेश्यागमनमा लगाएमा लगाउनेलाई कसुरको मात्रा हेरी १० वर्षदेखि १५ वर्षसम्म कैद वा ५० हजार रूपैयादेखि १ लाखसम्म जरिवाना हुन्छ ।
- गैर कानुनी रूपमा मानिसको अंग भिक्नेलाई १० वर्षसम्म कैद र २ लाख रूपैयादेखि ५ लाख रूपैयासम्म जरिवाना हुन्छ ।
- बेश्यागमन गर्नेलाई एक महिनादेखि ३ महिनासम्म कैद र २ हजार रूपैयादेखि ५ हजार रूपैयासम्म जरिवाना हुन्छ ।

**उजुरी गर्न कहाँ जाने ?** :प्रहरी कार्यालय ।
**उजुरी कसले गर्ने ?** : थाहा पाउने जो सुकैले ।
**उजुरी कर्ताको नाम** : गोप्य राख्न सकिने ।
**पुरस्कारको व्यवस्था** : कसैले यस ऐन बमोजिम अपराध हुन लागेको वा भएको छ भन्ने कुराको सूचना दिइएको आधारमा कसैलाई उद्धार गरीएमा वा पिडक पक्राउ परेमा पीडकलाई हुने जरिवानाको १०% रकम पुरस्कार स्वरूप सूचना दिनेलाई पुनर्स्थापना कोषवाट दिइने छ ।
**क्षतिपूर्तिको व्यवस्था** : पिडकलाई हुने जरिवानाको ५०% बराबरको रकममा नघट्ने गरी पीडितलाई पुनर्स्थापना कोष मार्फत मनासिव क्षतिपूर्ति दिइने छ ।

## बिद्युतिय (ईलेक्ट्रोनिक) कारोवार ऐन २०६३

बिद्युतिय स्वरूप जस्तैः कम्प्युटर, ईन्टरनेट लगायतका बिद्युतिय सन्चार माध्यमहरूमा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामाग्री वा कसै प्रति धृणा वा द्वेष फैलाउने वा महिलाहरूलाई जिस्काउने, हैरान गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने गरेमा निजलाई १ लाख रूपैयासम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुबै सजाय हुने व्यवस्था रहेको छ ।

**उजुरी गर्न कहाँ जाने ?** : प्रहरी कार्यालय
**क्षतिपूर्ति** : पीडितलाई कसुरदारवाट मनासिव क्षतिपूर्ति भराई दिने व्यवस्था रहेको छ ।

## बालवालिका सम्वन्धि ऐन २०४८

- बालकलाई अनैतिक पेशामा संलग्न गराउन नहुने वा अनैतिक पेशामा लगाउने उदेश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रर्दशन गर्न हुंदैन ।
- कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोको प्रकाशन, मुद्रण, वा वितरण गर्न हुंदैन ।
- बालकलाई मादक पदार्थ, लागु औषधि वा यस्तै अन्य नशालु पदार्थको बिक्री वितरण वा ओसार पसार गर्ने काममा लगाउनु हुंदैन ।
- कसुर गरेमा ५ वर्षसम्म कैदको सजाय र मनासिव क्षतिपूर्ति रकम समेत मुद्धा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिबाट बालकलाई भराईदिन सक्नेछ ।

## बालश्रम नियमित र निषेधित गर्ने ऐन २०५६

- १६ वर्ष मुनिका बालवालिकाहरूलाई कुनै पनि किसिमको श्रममा संलग्न गराउन पाईंदैन ।
- कसैले पनि बालबालिकालाई ललाईफकाई, भ्फुक्काई, डरत्रास, प्रलोभन, दवावमा पारी वा अन्य कुनै तरिकाले निजको ईच्छा बिरूद्ध काममा लगाएमा १ वर्षसम्म कैद वा ५०,०००/- सम्म जरिवाना वा दुबै सजाय हुने छ ।
- त्यस्तै १६ वर्ष भन्दा मुनिका बालवालिकालाई घरेलु श्रम जस्ता निकृष्ट प्रकारको श्रममा संलग्न गरेमा १ बर्ष सम्म कैद वा ५०,०००/- जरिवाना वा दुबै सजाय हुने छ ।

## गाली र बेइज्जती ऐन २०१६

महिलालाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमा वा अपमान गर्ने नियतले निजले देख्ने, सुन्ने गरी केही भनेमा वा कुनै किसिमको शब्द वा हाउभाउ व्यक्त गरेमा वा कुनै बस्तु देखाएमा वा गोपनियतामा दखल दिएमा १ सय रूपैयादेखि ५ सय रूपैयासम्म जरिवाना हुने छ र ६ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ ।

## केहि सार्वजनिक (अपराध र सजाय) ऐन २०२७

सार्वजनिक स्थानमा महिलालाई हातपात गरी बेइज्जत गर्ने, महिलालाई जिस्काउने, हैरानी गर्ने वा निजसंग यस्तै अन्य कुनै किसिमको अस्वभाविक व्यवहार गरेमा २५ हजार रूपैया सम्म जरिवाना वा ३ वर्षसम्म कैद हुनेछ ।

## जबरजस्ती करणीको महलः

कसैले कुनै महिलालाई निजको मज्जुरी नलिई करणी गरेमा वा १६ वर्ष भन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जवरजस्ती करणी गरेको ठहर्छ । त्यस्तो कसूरलाई कसूरको मात्रा हेरी ५ वर्षदेखि १५ वर्षसम्म कैद हुन्छ । त्यस्तै गरी पतिले आफ्नो पत्नीलाई जवरजस्ति करणी गरेमा ३ वर्षदेखि ५ वर्षसम्म कैद हुन्छ ।

# भुकम्प पीडित अनुदान वितरण जानकारी तथा बैदेशिक रोजगारीमा जानु पूर्व ध्यान दिनु पर्ने केहि कुराहरु

## भुकम्प पीडित अनुदान वितरण जानकारी

**प्रथम किस्ताः** पीडित पहिचान भैसकेपछि स्थानिय निकायबाट पहिलो किस्ता वापत कुल अनुदान (रू. २,००,०००/-)को २५ प्रतिशत वरावरको रकम अर्थात रू. ५०,०००/- स्थानिय निकायले बैंक मार्फत उपलब्ध गराउने ।

**दोश्रो किस्ताः** प्राविधिक निरीक्षण DPC भन्दा तलको काम निरीक्षकबाट निरीक्षण भै सकेपछि स्थानिय निकायबाट दोश्रो किस्ता ४० प्रतिशतले हुने रू. ८०,०००/- सम्वन्धित पीडितको खातामा जम्मा हुने गरी भुक्तानी दिने । यो रकमबाट DPC भन्दा माथी छाना छाउने तह सम्मको कार्य सम्पन्न गर्नका लागी खर्च गर्नु पर्ने छ ।

**अन्तिम किस्ताः** प्राविधिक निरीक्षण भैसकेपछि स्थानिय निकायबाट बाँकी ३५ प्रतिशतले हुने रू. ७०,०००/- सम्वन्धित पीडितको लागु गरिएको खातामा जम्मा हुने गरी भुक्तानी दिने । यो रकमबाट छाना छाउने लगायत बाँकी कार्य सम्पन्न गर्नु पर्नेछ । त्यसपछि काम सम्पन्न भएको ३ महिना भित्र अन्तिम प्राविधिक परीक्षण गराउनु पर्नेछ ।

## विशेष कर्जा सम्बन्धी व्यवस्था

- पुनःकर्जाको अधिकतम सीमा काठमाण्डौ उपत्यकामा प्रति घर परिवार रू. २५ लाख र उपत्यका बाहेकका प्रभावित जिल्लामा रू. १५ लाखसम्मको ऋण सुबिधा आवासीय घर पुनःनिमार्ण प्रयोजनका लागि मात्र हुने छ । यस रकमको व्याज अधिकतम २ प्रतिशत मात्र हुने छ ।
- यो सुबिधा ऋणी तथा निजको परिवारमा बस्न योग्य आवासीय घर नभएको अवस्थामा मात्र उपलव्ध गराईने छ ।
- बैंक तथा बित्तिय संस्थाहरू द्वारा आवासीय घर पुनःनिर्माण कर्जा प्रवाह गर्दा निर्माण प्रगतिका आधारमा कम्तीमा ४ चरणमा भुक्तानी गरीने छ ।
- आवासीय घर पुनःनिर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भुकम्प प्रतिरोधात्मक मापदण्डको पालना गरेको हुनु पर्ने छ ।
- बैंक तथा वित्तिय संस्थाहरूले नेपाल सरकारको सम्बन्धित स्थानिय निकायबाट निज भुकम्प पीडित ठहर भै आवासीय घर क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण अनिवार्य रूपमा लिनु पर्ने छ ।

## बैदेशिक रोजगारीमा जानु पूर्व ध्यान दिनु पर्ने कुराहरू:

- रोजगारीको लागी जाने मुलुक, ठाउँ र कम्पनीको बारेमा जानकारी लिनुहोस् ।
- आफूले गर्नु पर्ने काम, सेवाका सर्तहरू, श्रमबापत पाउने रकम र सुबिधाको बारेमा एकिन गर्नुहोस् ।
- कानुनी रूपमा दर्ता भई श्रम विभागको स्वीकृति पत्र प्राप्त रोजगारदाता निकायमा मात्र सम्पर्क राख्नुहोस ।
- काम गर्न जाने कम्पनिसंग सेवा, पारिश्रमिक र सुबिधाको सम्झौता पत्र छ वा छैन एकिन गर्नुहोस ।
- रोजगारीमा जानको लागी आफुले तिर्नुपर्ने शुल्क, आफुले गर्नुपर्ने काम, आफुले पाउने पारिश्रमिक र सुबिधाका सम्वन्धमा कानुनी रूपमा सम्झौता गर्नुहोस् ।
- बैदेशिक रोजगारमा जानु पूर्व आवश्यक सरसल्लाह र प्रशिक्षण लिनुहोस् ।
- कानुन बमोजिम लाग्ने शुल्क तिरे पछि भर्पाइ लिन र स्वदेशको विमानस्थल मात्र प्रयोग गर्न कहिल्यै नभुल्नुहोस् ।
- **याद राख्नुहोस्:** विदेशमा तपाइँ माथि निम्न जोखिमहरू हुन सक्दछन् । **सावधान हुनुहोस !**
    - तपाई ठगीमा पर्न सक्नुहुनेछ ।
    - श्रम, यौन शोषण तथा अन्य विभिन्न्न किसिमका हिंसा जन्य कार्यबाट पीडित हुन सक्नुहुनेछ ।
    - मानव बेचबिखन तथा ओसारपसार अपराधको सिकार हुन सक्नुहुनेछ ।

## सम्पर्क तथा जानकारी

- विमिन एक्ट (Women Act) ०१-४४२२०१८
- अधिवक्ता रामचन्द्र भट्ट ९८४१६९८३७३ (धादिङ्ग)
- बलराम घिमिरे ९८४१३०३७३७ (रसुवा)
- राकेश श्रेष्ठ ९७४१०१७६७७ (दोलखा)
- अधिवक्ता यादव दाहाल ९७४१०१४७०४ (रामेछाप)
- अधिवक्ता खिलनाथ घिमिरे ९८४१२२३६६६ (काठमाण्डौ)

**बिस्तृत जानकारीका लागि सम्पर्क**


विमिन एक्ट (Women Act), भाटभटेनी, काठमाण्डौ

फोन नं. ०१-४४२२०१८

E-mail: womenact2011@gmail.com

Website: www.womenact.org.np

Facebook: http://facebook.com/womenact



USAID अमेरिकी जनताबाट

The Asia Foundation

Women Act (विमिन एक्ट)